kisan-coop
किसान-कोप
2052
समृद्धिका लागि समुदाय संग सँगै

# किसान बहुउद्देशीय सहकारी संस्था लि.
# KISAN BAHUUDESHIYA SAHAKARI SANSTHA LTD

Client Protection Certified
the smart campaign
Awarded April 2021








## २८औं वार्षिक साधारणसभा
मंसिर ५ गतेदेखि १० गतेसम्म

## वार्षिक प्रगति प्रतिवेदन २०७७/७८
## ANNUAL REPORT 2020/21

## सञ्चालक समिति



सुरेन्द्र कुमार शाह
(अध्यक्ष)



टिकेन्द्र बहादुर थापा
(उपाध्यक्ष)



लोकराज तिमिल्सैना
(सचिव)



मयाराम धमाला
(कोषाध्यक्ष)



दिनेश कुमार चलाउने
(सह-सचिव)



जयरुप बुढा
(सदस्य)



शिव बहादुर स्वाँर
(सदस्य)



पतिराम चौधरी
(सदस्य)



मनिराम न्यौपाने
(सदस्य)



सरोज कुमार शाह
(सदस्य)



चन्द्रा सिंह
(सदस्य)

## सल्लाहकार समिति



उदयराम खनाल
(संयोजक)



कमल राज जोशी
(सदस्य)



राज कुमार हमाल
(सदस्य)

## लेखा सुपरीवेक्षण समिति



नृप बहादुर कुँवर
(संयोजक)



तर्क बहादुर थापा
(सदस्य)



मान सिंह भुल
(सदस्य)



डम्बर बहादुर शाह
(महाप्रबन्धक)

# किसान बहुउद्देश्यीय सहकारी संस्था लि.

लम्की, कैलाली

## २७ औं वार्षिक साधारणसभा सम्बन्धी जानकारी

सहकारी संस्थाको साधारणसभा (कार्यव्यवस्था) निर्देशिका, २०७६ बमोजिम यस संस्थाको विनियमको दफाः१९ (६)को अधिनमा रहि २७ औं वार्षिक साधारणसभा हुन गईरहेको छ । उक्त साधारणसभाका लागी संस्थाको कार्यक्षेत्रलाई विभिन्न ७ एकाईमा विभाजन गरि सोहि बमोजिम एकाई प्रतिनीधि चयन गर्दै मंसिर १० गते अन्तिम सभा केन्द्रिय कार्यालय लम्कीमा हुनेछ । साधारणसभामा भौतिक रूपमा उपस्थीत हुन नसक्ने शेयर सदस्यहरूका लागि सम्बन्धित शाखा मार्फत सुझाव संकलन गर्ने व्यवस्था समेत मिलाईएकोले यस प्रतिवेदनको अध्ययन गरि आवश्यक सुझाव प्रदान गरिदिनुहुन हार्दिक अनुरोध गरिन्छ । २७ औं साधारणसभामा सन्चालक समितिको तर्फबाट पेश भएका प्रस्तावहरू देहाय बमोजिम रहेका छन् । साथै प्रतिवेदन बुझ्ने स्थान, समय तथा प्रतिनिधी चयन तपसिल अनुसार गरिनेछ ।

**प्रस्तावहरु:**

१. गत साधारणसभाका निर्णयहरू पढेर सुनाउने ।
२. आ.व.२०७७/७८ को आय-व्यय, नाफा-नोक्सान तथा वासलात स्वीकृतार्थ पेश गर्ने ।
३. लेखा सुपरिवेक्षण समिति तथा लेखा परीक्षणको प्रतिवेदन सम्बन्धमा ।
४. संचालक समितिबाट स्वीकृति भई अनुमोदन गराउनुपर्ने विषयहरू सम्बन्धमा ।
५. लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
६. आ.व. २०७८/०७९ को बार्षिक निती तथा कार्यक्रम तथा प्रस्तावित वार्षिक बजेट सम्बन्धमा ।
७. शेयर लाभांश बाडँफाँड सम्बन्धमा ।
८. विधान, नियमावली संशोधन सम्बन्धमा ।
९. मर्जर तथा कार्यक्षेत्र विस्तार सम्बन्धमा ।
१०.अन्य आवश्यक विषयहरू सम्बन्धमा (प्राप्त सुझावहरू माथी छलफल)

**प्रतिवेदन बुझिलिने तथा सुझाव पेश गर्ने स्थान तथा समय :**

मिति : २०७८ कार्तिक २५ गते देखि मंसिर १ गते सम्म (शनिवार समेत कार्यालय खूल्ला रहनेछ)
समय : बिहान १० बजे देखि ४ बजे सम्म
स्थान : सम्पुर्ण शाखाहरूमा (लम्की, टिकापुर, बौनिया, जोशिपुर, पथरैया, प्रतापपुर, नारायणपुर, भजनी,सुखड, पहलमानपुर, मसुरिया, चौमाला, अत्तरिया, हसुलिया, फुलवारी, धनगढी, सहजपुर, सोल्टा, आलिताल, जोरायल, कृष्णपुर, पुर्नवास, राजापुर गणेशबाबा, मोतिचोक धनगढी)

- संस्थाको वेवसाईट www.kisancoop.com रिपोर्टमा गई प्रतिवेदन डाउनलोड गर्न सक्नुहुनेछ ।
- सुझावहरू संस्थाको आधिकारीक फेसबुक पेज kisan-coop को म्यासेज मार्फत समेत पेश गर्न सकिनेछ ।
- सुझाव पेशका लागि यस प्रतिवेदनमा रहेको सुझाव फारम भरि सम्बन्धित शाखामा मंसिर १ गते सम्म पेश गर्न सकिनेछ ।

## प्रतिनीधी चयन :

अन्तिम साधारणसभामा सहभागीताका लागि प्रति शाखा प्रतिनिधी संख्या तल उल्लेखित अनुसार रहनेछन् । एकाई प्रतिनीधीका रूपमा अन्तिम साधारणसभामा सहभागी हुन ईच्छुक सदस्यले यस बार्षिक प्रतिवेदनको अन्तिम पेजमा रहेको आवेदन भरि मंसिर १ गते भित्र सम्बन्धित शाखा कार्यालयमा पेश गर्नु पर्नेछ । प्रतिनीधिका लागि आवेदन दिने सदस्यहरूलाई बोलाई तपसिल अनुसारको मितिमा हुने एकाई भेलाबाट प्रतिनिधी छनोट गरिनेछ । एकाई भेला मिति : मंसिर ५ गते एकाई १,२,३ , मंसिर ६ गते एकाई ४,५ र मंसिर ७ गते एकाई ६,७ को हुनेछ ।

| एकाई | १ (एकाई भेला लम्की) | | | २ (एकाई भेला बौनिया ) | | | ३ (एकाई भेला सुखड) | | | ४ (एकाई भेला टिकापुर) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| शाखा | लम्की | लम्की बैकिङ्ग | पथरैया | सोल्टा | बौनिया | प्रतापपुर | पहलमानपुर | सुखड | मसुरिया | टिकापुर | टिकापुर बैकिङ्ग | नारायणपुर | राजापुर गणेशबाबा |
| प्रतिनिधी सख्या | २ | ५ | १ | ० | २ | १ | १ | १ | १ | २ | २ | १ | १ |

| एकाई | ५ (एकाई भेला जोशिपुर) | | | ६ (एकाई भेला धनगढी) | | | | | ७ (एकाई भेला अत्तरिया) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| शाखा | जोशिपुर | जोशिपुर बैकिङ्ग | भजनी | हसुलिया | धनगढी | फुलवारी | धनगढी बैकिङ्ग | पुर्नवास | सहजपुर | अत्तरिया | चौमाला | राजिपुर बैकिङ्ग | कृष्णपुर |
| प्रतिनिधी सख्या | १ | १ | १ | १ | २ | १ | १ | १ | ० | १ | १ | १ | १ |

# एकाई भेला सञ्चालन तथा प्रतिनिधी चयन विधी

१) **भेलाको सञ्चालन** : उपस्थित जेष्ठ शेयर सदस्यको अध्यक्षतामा, सञ्चालक समितिले खटाएको साधारणसभा प्रतिनीधिको आतिथ्यमा भेला सञ्चालन गर्ने ।

२) **एकाई संयोजकको चयन**: उपस्थित शेयर सदस्यमध्ये बहुमतको निर्णयले एकाई भेलाको संयोजक सर्वसहमतीबाट गर्नुपर्छ । सर्वसम्मत निर्णयहुन नसके गोलाप्रथाद्वारा एकजना एकाई संयोजक चयन गर्ने ।

३) **माईन्यूट उठाउने** : शेयर सदस्यहरूबाट प्राप्त सुझाव वा टिप्पणीहरू अन्तिम सभामा पेश गर्ने भनि माईन्यूट उठाउने । माइन्यूट उठाउने जिम्मेवारी एकाई संयोजकको हुने ।

४) **एकाई प्रतिनीधि चयन** : मङ्सिर १० गते केन्द्रिय कार्यालय लम्कीमा सम्पन्न हुने अन्तिम भेलाका लागि तल तालिकामा उल्लेख भए बमोजिम शाखागत रूपमा एकाई प्रतिनीधिहरू चयन गर्ने । एकाई भेलाको संयोजक स्वतः प्रतिनीधि रहनेछ भने अन्य तोकिए बमोजिमका प्रतिनिधीको चयन बहुमतबाट गर्नु पर्नेछ । एकाई प्रतिनीधि चयन गर्दा कुनै शाखाबाट तोकिए भन्दा बढी आवेदन प्राप्त भएमा सहमती वा गोलाप्रथा बाट प्रतिनीधि चयन गर्नु पर्ने छ ।

५) **निर्णय प्रमाणित** : एकाईभेला सम्पन्न भएपछि भेलाले गर्ने उपरोक्त निर्णयहरूको प्रमाणिकरण गर्ने जिम्मेवारी सञ्चालक समितिले साधारणसभा प्रतिनीधिका रूपमा खटाएको सञ्चालकको हुनेछ ।

६) **माईन्यूट सुरक्षा** : उक्त प्रमाणित माईन्यूटको रेखदेख तथा सुरक्षाको जिम्मेवारी एकाई भेला केन्द्र रहेको स्थानको शाखा प्रमूखको हुनेछ । शाखा प्रमूखले उक्त माईन्यूट अन्तिम भेला हुने मिति

भन्दा कम्तीमा ४८ घण्टा अघि केन्द्रिय कार्यालयमा पठाईसक्नु पर्नेछ ।

यसरी साते एकाई भेलाबाट प्राप्त हुने प्रमाणित निर्णयहरू उपर मङ्सिर १० गते हुने अन्तिम भेलाले छलफल र निर्णय गर्ने छ ।

## तपसिल

| क्र.स. | शाखा | एकाई | एकाई केन्द्र | प्रतिनिधी सख्या | एकाई प्र. संख्या | एकाई भेला मिती | शाखा प्रमुख | फोन नम्वर |
|---|---|---|---|---|---|---|---|---|
| १ | लम्की | १ | लम्की बैकिङ्ग शाखा | २ | ८ | मंसिर ५ गते | लोकेन्द्र सुनार | ९८०१९७१४७६ |
| २ | लम्की बैकिङ्ग | | | ५ | | | भरत कुवर | ९८०२५०७१४३ |
| ३ | पथरैया | | | १ | | | सपना ओली | ९८०१९७१४७२ |
| ४ | सोल्टा | २ | बौनिया शाखा | ० | ३ | मंसिर ५ गते | सुरेश चौधरी | ९८०१९७१४६८ |
| ५ | बौनिया | | | २ | | | खकेन्द्र देवकोटा | ९८०२५०७१७४ |
| ६ | प्रतापपुर | | | १ | | | चक्र बहादुर भण्डारी | ९८०२५०७१६७ |
| ७ | पहलमानपुर | ३ | सुखड शाखा | १ | ३ | मंसिर ५ गते | जनक विष्ट | ९८०२५०७१७७ |
| ८ | सुखड | | | १ | | | सुरेश चौधरी | ९८०१९७१४७४ |
| ९ | मसुरिया | | | १ | | | किरण कुमारी चौधरी | ९८०२५०७१७२ |
| १० | टिकापुर | ४ | टिकापुर बैकिङ्ग शाखा | २ | ६ | मंसिर ६ गते | विनोद मिजार | ९८०२५०७१५१ |
| ११ | टिकापुर बैकिङ्ग | | | २ | | | कुल प्र. तिमिल्सेना | ९८०२५०७१४१ |
| १२ | नारायणपुर | | | १ | | | सुरजकला शाही | ९८०२५०७१७१ |
| १३ | राजापुर(गणेशबाबा) | | | १ | | | तप्त बहादुर खत्री | ९८०२५०७१६४ |
| १४ | जोशिपुर | ५ | जोशिपुर बैकिङ्ग शाखा | १ | ३ | मंसिर ६ गते | दुर्गा प्रसाद उपाध्याय | ९८०२५०७१७३ |
| १५ | जोशिपुर बैकिङ्ग | | | १ | | | भोजराज भट्टराई | ९८०२५०७१६३ |
| १६ | भजनी | | | १ | | | जनक राज ढुङ्गाना | ९८०१९७१४७३ |
| १७ | हसुलिया | ६ | धनगढी शाखा | १ | ६ | मंसिर ७ गते | डम्वर राज जैसी | ९८०२५०७१६५ |
| १८ | धनगढी | | | २ | | | चन्द्रकान्त रेग्मी | ९८०२५०७१७८ |
| १९ | धनगढी बै. | | | १ | | | बम बड्वाल | ९८०१७१५०८५ |
| २० | फुलवारी | | | १ | | | नवराज देवकोटा | ९८०२५०७१७५ |
| २१ | पुनर्वास | | | १ | | | खेम मुडभरी | ९८०१९७१४५९ |
| २२ | सहजपुर | ७ | अत्तरिया शाखा | ० | ४ | मंसिर ७ गते | सन्तोष चौधरी | ९८०१९७१४२१ |
| २३ | अत्तरिया | | | १ | | | भरत भण्डारी | ९८०२५०७१६९ |
| २४ | चौमाला | | | १ | | | कमल ब. कोली | ९८०१९७१४७५ |
| २५ | कृष्णपुर | | | १ | | | अमित चौधरी | ९८०१९७१४३९ |
| २६ | राजीपुर बै. | | | १ | | | राम बहादुर चौधरी | ९८०१७१५०७९ |
| | जम्मा | | | ३३ | ३३ | | | |

लोकराज तिमिल्सेना
सचिव

# किसान बहुउद्देश्यीय सहकारी संस्था लि.

लम्की , कैलाली

## २७ औं वार्षिक साधारणसभामा अध्यक्ष ज्यूको मन्तव्य



**आदरणीय शेयरसदस्य महानुभाव ज्यूहरू,**

सन् २०१९ को डिसेम्बरबाट शुरू भएको कोभिड–१९ महामारीका कारण विश्व अर्थतन्त्रमा ठूलो क्षति पुगिरहेको छ । जसबाट नेपाल पनि प्रभावित छ । नेपालमा पनि महामारी रोकथामका लागि २०७६ चैत ११ गतेदेखि बन्दाबन्दी लगायतका उपायहरू अवलम्वन गऱ्यो । कोभिड-१९ का कारण आर्थिक वर्ष २०७६/७७ मा नेपालको आर्थिक वृद्धि ऋणात्मक रह्यो भने २०७७/७८ मा सुधार हुने अनुमान गरिए पनि पुनः दोस्रो लहर देखिए पछि २०७८ बैशाख १६ गतेदेखि पुनः सोही अवस्था शुरू भएको छ । संसारभरीका झण्डै २४ करोड मानिस यस महामारीबाट संक्रमीत भए भने झण्डै ४५ लाख मानिसले ज्यान गुमाए । मलाई जानकारीमा आएको नेपालको पछिल्लो तथ्याङ्क अनुसार ८ लाख संक्रमीत भएका मध्ये ११ हजारले मृत्युवरण गर्नु पऱ्यो । यसरी मृत्यूवरण गर्नुभएका सम्पूर्ण आत्माहरूको चिरशान्तिको कामना गर्दै मेरो व्यक्तिगत तथा संस्थाको तर्फबाट शोकाकुल परिवारजन प्रति हार्दिक समवेदना समेत प्रकट गर्न चाहन्छु ।

चालु आ.व. सम्म आईपुग्दा अर्थतन्त्र विस्तारै चलायमान हुने अवस्थामा रहेको छ । ८३ लाख नेपालीले कोभीड भ्याक्सीनको पहिलो मात्रा प्राप्त गरेका छन् भने ६४ लाख जनताले दुबै डोज खोप पाईसकेका छन् । तसर्थ, आशा गरौ हामी छिटै कोराना भाईरस माथि विजय प्राप्त गर्न सफल हुनेछौ ।

शेयर सदस्य महानुभाव ज्यूहरू, विभिन्न संघ संस्थाहरूले गरेको अध्ययन अनुसन्धानबाट थाहा भए अनुसार दैनिक जीवनयापनका लागि कार्यरत श्रमीक वर्ग, साना तथा मझौला उद्यमीहरू यस कोभिड-१९ बाट सबै भन्दा बढी पिडित भएका छन् । झण्डै ६० प्रतिशत साना तथा मझौला उद्यमीहरूको आय आर्जन ठप्प भएको छ । लगातारको बन्दा-बन्दीले लथालिंग भएको हाम्रो व्यवापार-व्यवसाय पुरानै लयमा फर्किन केहि समय लागे पनि हतोत्साहित नभई सावधानी पुर्वक आर्य-आर्जन तर्फ केन्द्रित हुन म सम्पूर्ण शेयर सदस्य महानुभावहरूलाई अनुरोध गर्न चाहन्छु ।

**शेयरसदस्य महानुभावज्यूहरु,**

अब म संस्थाको संक्षिप्त ईतिहास यहाँहरू माफ राख्न चाहन्छु । वि.सं. २०५२ कार्तिक १७ गते विधिवत रूपमा दर्ताभई सञ्चालनमा आएको यो संस्था आज २६ वर्ष पार गरी २७ औं वर्ष मा प्रवेश गरेको छ । आज सम्म आईपुग्दा विभिन्न कालखण्डमा विभिन्न आरोह अवरोहहरू पार गरेको यस संस्थाको विकास क्रमको श्रृंखलाबारे यहाँहरूमाझ मैले धेरै कुराहरू भनिरहनु नपर्ला । संस्थाको जन्म संगै देशमा

राजनीतिक द्वन्द्वात्मक परिस्थिति सृजना भयो र सो परिस्थितीले अनेकन जटिलताहरू निम्त्यायो । तथापी संस्थालाई माया गर्ने र सहकारीको मर्मलाई आत्मसाथ गर्ने तपाई सदस्यहरूको अगाध आस्था, प्रेरणा र सद्‌भावका कारण त्यस्तो विषम परिस्थितीमा समेत संस्था विचलित हुनुपरेन र अन्तत्वगत्वा अनेकन जटिल परिस्थितिहरूको सामना गर्दै आजको अवस्था सम्म संस्था आई पुगेको छ । हाल संस्थाले आफूलाई यस क्षेत्रमा नमुना सहकारीको रूपमा स्थापित गर्नुका साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा परिचित हुन सफल भएको छ । हामी सबैको संस्था प्रतिको अगाध स्नेह, अनुशासन र प्रतिबद्धताका कारण नै संस्थाले यो सौभाग्य प्राप्त गरेको हो । तत्कालिन परिस्थितीमा यस क्षेत्रका जनताहरू वित्तिय सेवाबाट विमुख भएकाबेला सहकारीको माध्ययमबाट एकताबद्ध गरि आर्थिक क्रियाकलापमा प्रोत्साहित गर्ने उद्देश्यले संस्थाको जन्म भएको हो । तथापी, आज वित्तिय संस्थाहरूको पहुँच व्यापक भईसकेको छ । तत्कालिन सुदुरपश्चिमान्चल क्षेत्रमा औलामा गिन्ती गर्न सकिने गरि वित्तिय संस्थाहरूको पहुँच थियो । तर आज अवस्था फेरीएको छ । राष्ट्र बैंकको पछिल्लो तथ्याँक हेर्ने हो भने सुदुरपश्चिम प्रदेशमा बझाँग जिल्लाको साइपाल गाउँपालिका बाहेक सबै स्थानिय तहमा बैक तथा वित्तिय संस्थाका शाखाहरूले सेवा प्रवाह गरिरहेका छन् । यस संस्थाको हकमा भन्ने हो भने तत्कालिन बलिया गाविस कार्यक्षेत्र रहने गरी सञ्चालनमा आएको हो । आज सुदुरपश्चिम प्रदेशका झण्डै सम्पूर्ण जिल्ला र लुम्बीनी प्रदेशको बर्दिया जिल्लामा समेत गरि कुल २८ वटा सेवाकेन्द्र सञ्चालन भई सकेका छन् भने थप केहि सेवाकेन्द्र सञ्चालनको चरणमा रहेका छन् । संस्थाको हालको धरातलिय स्थिीत तथा वित्तिय अवस्था बारे तपाईले यसै प्रतिवेदनलाई अध्ययन गरेर जान्न सक्नु हुनेछ ।

**शेयरसदस्य महानुभावज्यूहरु,**

अब म संक्षिप्तरूपमा गत आ.व. २०७७/०७८ को समिक्षा गर्न चाहन्छु । संघियताको अभ्यास एवं कार्यान्वयनमा रहेको मुलुकले आर्थिक उन्नतीका लागि निजी, सहकारी तथा सार्वजनीक क्षेत्रलाई एकठाउमा जोड्दै "समृद्ध नेपाल सुखी नेपाली" नारा तय गरेको छ । तिनै तहका सरकारहरूले समयमै बजेट ल्याउने परिपाटीको निरन्तरतालाई सकारात्मक रूपमा लिन सकिन्छ । तथापी समिक्षा आ.व.को अन्तीम तिर आएर संसद विघठन र राजनीतिक रस्साकस्सीले निम्त्याएको बहुमत प्राप्त पार्टी विभाजन र सत्ताको खेलले जनतामा निराशा छायो ।

नेपाल राष्ट्र बैंकले जारी गरेको बार्षिक प्रतिवेदन अनुसार अघिल्लो आ.व.मा आयात १५.६ प्रतिशतले घटेको मा समिक्षा आ.व. (२०७७/०७८) मा भने २८.७ प्रतिशतले बढ्यो । त्यसैगरी अघिल्लो आ.व.मा निर्यात ०.६ प्रतिशतले बढेकोमा समिक्षा आ.व. (२०७७/०७८) मा भने ४४.४ प्रतिशतले बढेको पाईएको छ । यसबाट कोभिड-१९ को प्रभावलाई नेपाली अर्थतन्त्रले छिचोल्दै गरेको हो कि भनेर अनुमान लगाउन सकिन्छ ।

त्यसैगरी समिक्षा आ.व.को अन्त्यमा अर्थात ०७८ असार मसान्त सम्ममा बैकहरूमा निक्षेप थुप्रिएको तर लगानी हुन नसकेको तथ्याँकले देखाउँछ । अघिल्लो वर्ष १८ प्रतिशतले बढेको निक्षेपलाई अधिक तरलता भनिएकोमा समिक्षा आ.व.मा २१.४ प्रतिशतले निक्षेप वृद्धि भएको पाईन्छ ।

**शेयरसदस्य महानुभाव ज्यू,**

अब म संस्थाले समिक्षा अवधिमा हाँसिल गरेका मूख्य उपलब्धिहरू तथा आगामी कार्यक्रमहरूबारे

छोटकरीमा चर्चा गर्न चाहन्छु । विश्वव्यापी महामारीको चपेटामा परेको समिक्षा अवधिको उत्तरार्ध सबैका लागि चुनौतीपूर्ण एवं कठिन रहयो । पहिलो लहर भन्दा दोस्रो लहरमा मानवीय क्षती धेरै भयो । हाम्रा सञ्चालक समितीका केहि साथीहरू, केही कर्मचारीहरू एवं शेयरसदस्य ज्यूहरू समेत संक्रमित हुनुभयो । अक्सीजनको चरम अभावले समुदाय स्तरमा त्रासदीपुर्ण वातावरण रहेका बेला टीकापुर, लम्की र भजनी स्थित सरकारी अस्पतालहरूलाई यस संस्थाको तर्फबाट अक्सीजनको आपुर्ति गर्न हामी अग्रसर भयौ ।

सहकारीको मर्म, सिद्धान्त र अवधारणा भनेकै परिस्थिती जस्तो सुकै होस् एकआपसमा हातेमालो र सहकार्य गर्दै अघि बढ्नु हो । तसर्थ, यो संस्था पनि असहज परिस्थितीको सामना गरिरहेका आफ्ना सदस्यहरूसंग हातेमालो गर्न पछि हट्ने कुरै भएन । कोभिड–१९को पहिलो लहरका बेला जारी बन्दाबन्दीका कारण मारमा परेका सदस्यहरूलाई लक्षित गरि ब्याज छुट, हर्जाना छुट, कर्जाभुक्तानी अवधि थप लगायतका सहुलियतहरू प्रदान गरेका थियौ भने दोस्रो लहरले प्रभावित सदस्यहरूलाई लक्षित गरि जिविको पार्जनका लागि निर्ब्याजी ऋण तथा संक्रमीत सदस्यलाई स्याहार खर्च उपलब्ध गराएका छौं । हरेक चुनौतीले अवसर सृजना गरेको हुन्छ भने जस्तै कोभिड–१९ को चुनौतीपूर्ण समयमा हामीले सदस्यलाई सेवा प्रवाहमा सहजता प्रदान गर्न एटीएम र मोबाईल बैकिंगको प्रयोगमा जोड दियौं । नेपालमा लघुवित्त सेवा प्रदानगर्ने संस्थाहरूमा पहिलो पटक हामीले लघुवित्त तर्फ मोबाईल बैंकिगको शुरूवात गऱ्यौ जसको लाभ सदस्यहरूले बन्दाबन्दीको अवस्थामा उठाएका छन् । नेपालमा रहेका बैंक तथा वित्तिय संस्थाहरूले एटीएम कार्डको प्रयोग गरि अर्को बैंकको एटीएम मेसीनबाट पैसा झिक्दा निश्चित शुल्क लिने गरेका थिए । बन्दाबन्दीको अवस्थामा नेपाल राष्ट्रबैंकले त्यस्तो शुल्क नलिन निर्देशन जारी गरेपछि बैंक वित्तिय संस्थाहरूले निशुल्क भुक्तानी दिन थाले । तर, यस संस्थाले एटीएम सेवा शुरूगरे देखि नै यस संस्थाको कार्ड प्रयोग गरि अन्य बैंक तथा वित्तिय संस्थाको जुनसुकै स्थानमा रहेको एटीएम मेशिनबाट पैसा झिक्दा कुनै पनि शुल्क लिने गरेको छैन । यस विषम परिस्थितीमा सदस्यहरूले यो सुविधाको भरपुर लाभ लिएका छन् भन्ने हाम्रो विश्वास रहेको छ ।

यसका अतिरिक्त संस्थाले लघुवित्त तर्फ मिसकल बैंकिंग सेवाको समेत शुभारम्भ गरेको छ । यस सेवा अन्तर्गत सदस्यहरूले संस्थाले उपलब्ध गराएको निश्चित मोबाईल नम्बरमा मिसकल गरेपछि मोबाईल रिजार्च गर्न तथा आफ्नो बचत खाताको विवरण हेर्न सक्ने भएका छन् । समिक्षा आ.व.को हाम्रो सबै भन्दा ठुलो उपलब्धी भनेको यो संस्था सदस्य सुरक्षणका लागि अब्बल रहेको कुरा अन्तराष्ट्रिय स्तरबाट घोषणा भएको छ । हामीले सदस्य सुरक्षणका विश्वव्यापी सिद्धान्तहरूलाई संस्था सञ्चालनको अभिन्न अंगका रूपमा स्थापित गर्न सफल भए पछि अन्तराष्ट्रिय ऐजेन्सीले गरेको संस्थाको मुल्याँकनका आधारमा हामी नेपालकै पहिलो "स्मार्ट सर्टिफाईड" संस्था भएका छौं । आगामी दिनमा यो पहिचानलाई जोगाई राख्न सदस्यका सुझाव एवं गुनासाहरू सुन्ने र निराकरण गर्ने, सदस्यलाई अधिक कर्जाभारबाट जोगाउने, पारदर्शि तवरले संस्थाका सेवा बारे सदस्यलाई निरन्तर जानकारी प्रवाह गर्ने, सेवा प्रवाह तथा सेवा निर्माण एवं विविधिकरणमा सदस्यको राय लिने लगायतका परिपाटीहरू स्थापित गरिसकेका छौ ।

समाजमा उद्यमशिलताको सृजना भए मात्रै स्थानिय स्तरमा रोजगारीको अवस्था सृजना हुन्छ । रोजगारीमा बृद्धीभए मात्रै आय तथा उपभोगमा बृद्धी हुन्छ । आय तथा उपभोगमा हुने बृद्धीका कारण व्यक्तिको जिवनस्तरमा बृद्धी भई समग्र समाजको आर्थिक हैसियत सकारात्मक हुन सक्छ । यही

मान्यतालाई स्थापित गर्न हामीले 'समृद्धिका लागि समुदाय संग-संगै' भन्ने नारा तय गरेका हौं । समृद्धि एकल प्रयासले सम्भव हुने कुरो हाईन यसका लागि सबैसंग हातेमालो गर्दै अघि बढ्नु पर्ने हुन्छ । समूदायका सबैसंग हातेमालो गर्ने सबैभन्दा उपयुक्त माध्ययम एवं सरल संजालका रूपमा हामी यस संस्थालाई तपाईका अघि सार्न चाहन्छौं । तपाईको सहज जिवन यापनका लागि किसान सहकारी तपाई संग-संगै हिड्न प्रतिबद्ध छ । तसर्थ हामीले आफ्ना सदस्यहरूलाई उद्यमशिल बनाउने उद्देश्यले चालु आ.व. बाट लागु हुनेगरि ब्याज अनुदानमा आधारित उद्यमशिल कर्जा उपलब्ध गराईरहेका छौ । लम्कीचुहा नगरपालिकावासी लाई लक्षित गरि ल्याईएको यो कर्जामा लम्कीचुहा नगरपालिकाले निश्चित ब्याज अनुदान दिने भएको छ । यसका अतिरिक्त कर्जालिने सदस्यलाई आवश्यक तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रममा समेत सहभागी गराईनेछ ।

उद्यमशिलता प्रवर्द्धनका लागि स्थानिय स्तरमा अपार सम्भावना रहेको र प्रशस्त साधनस्रोत रहेको कृषि क्षेत्र हाम्रो प्राथमिकताको क्षेत्र हो । कृषिलाई सदस्यको मुख्य व्यवसायिक एवं समुदायको आर्थिक क्षेत्रका रूपमा स्थापित गर्न सके ठूला अवसरहरू प्राप्त गर्न सकिने मात्र नभई समग्र समुदायको आर्थिक हैसियत बदल्न सकिन्छ भन्ने मेरो मान्यता हो । कृषिलाई सम्मानित पेशाका रूपमा स्थापित गरि युवा एवं बेरोजगारहरूका लागि आकर्षणको केन्द्र बनाउन संस्थाले विगत देखिनै थुपै क्रियाकलापमा जोड दिदै आएको छ । कृषि फर्म सञ्चालन, निशुल्क कृषि परामर्श एवं सेवा यसका ज्वलन्त उदाहरणहुन । यसका अतिरिक्त संस्थाले अत्याधुनिक उपकरण सहितको माटो परिक्षण प्रयोगशाला सञ्चालनमा ल्याई पहिलो चरणमा यसक्षेत्रमा रहेका किसानहरूको खेतबारीको माटो निशुल्क रूपमा परिक्षण गरिदिई माटो स्वस्थता कार्ड समेत उपलब्ध गराएको छ । यसका अतिरिक्त यसै आ.व. बाट तथा सुपथ मुल्यमा उन्नत जातका बिउबिजनहरूको विक्री समेत शुरू गरेका छौं । सुदुरपश्चिम प्रदेशमा निजी तथा सहकारी क्षेत्रबाट स्थापित पहिलो माटो परिक्षण प्रयोगशालाका रूपमा रहेको यस संस्थाको प्रयोगशालाबाट यसक्षेत्रको उत्पादकत्व वृद्धि हुने अपेक्षा गरेका छौं । माटो सुहाउदो बाली भयो भने मात्रै उत्पादनमा बृद्धि हुने हो । माटो सुहाउदो बालीको छनौटका लागि माटोको परिक्षण अपरिहार्य हुन जान्छ । तसर्थ म अनुरोध गर्न चाहन्छु कृपया संस्थाले सञ्चालनमा ल्याएको माटो परिक्षण प्रयोगशालाको सेवा लिई आफ्नो माटोको गुणस्तर चिनेर कृषि कर्मतर्फ अग्रसर हुनुहोला । कृषिक्षेत्रमा नमुना कार्यगर्न संस्था सदैव सचेत रहँदै आएको परिप्रेक्ष्यमा हालै यस संस्थाले नमुना कागती खेती पनि शुरू गरिसकेको छ । यसबाट समुदाय स्तरमा रोजगारी सृजना हुनुका साथै उत्पादन एवं बजारीकरणका लागि हामीलाई स्थानिय कृषकहरूसँग हातेमालो गर्न सहज हुने अपेक्षा गरेका छौं । ।

## आदरणीय शेयरसदस्य  महानुभाव ज्यूहरू,

आजको दिन सम्म आईपुग्दा बहुउद्देश्यीय प्रकृतीको यस संस्थाले ३ वटा व्यवसायिक क्षेत्रहरूबाट झण्डै ५८ हजार भन्दा बढी सदस्यहरूलाई सेवा प्रवाह गर्दै आईरहेको छ । संस्थाको व्यवसायिक वृद्धिमा यि ३ वटै व्यवसायिक क्षेत्रहरूको भूमिका रहने गरेको छ । संस्थाको साख र विश्वसनियताका कारण बचत तथा ऋण कारोबारबाट संस्थाले राम्रै उपलब्धी हाँसील गरिरहेको छ । त्यसैगरी, लघुवित्त कारोबारमा नेपालकै अग्रिणी संस्थाको रूपमा पहिचान बनाइ सकेको छ । पछिल्लो पटक स्थापना गरेको कृषि युनीट अर्थात कृषि सम्बन्धि क्रियाकलापलाई प्रवर्द्धन गर्ने कार्यक्रम बामे सरिरहेको अवस्था छ । त्यसैगरी

थप अर्को व्यवसायिक यूनीटका रूपमा संस्थाले सहकारी पसल (किसान मार्ट) को अवधारणा अघि सारेको कुरा म यहाँहरू समक्ष जानकारी गराउँन पाउँदा हर्षित छु । मौजुदा सहकारी ऐन, नियमावली अनुसार बहुउद्देश्यीय सहकारीले व्यवसायिक गतिविधिहरूलाई विविधीकरण गर्नु पर्ने व्यवस्था भए बमोजिम गतिशिल व्यवसायको अवधारणाका रूपमा सहकारी पसल सञ्चालनलाई अघि सारेका हौं । संस्थाको मौजुदा गतिशिल प्रणाली र चुस्तदुरूस्त सन्जाललाई प्रयोग गर्दै नमुनाका रूपमा सहकारी पसल सञ्चालन गर्ने सोच आएको हो । यसबाट यसक्षेत्रका जनताले अझ खासगरी संस्थाका सदस्यले सुपथ मुल्यमा गुणस्तरीय उपभोग्य सामाग्रीहरू प्राप्त गर्न सक्नुका साथै स्थानिय स्तरमा हामी रोजगारी बृद्धि गर्न समेत सफल हुनेछौ ।

संस्थागत सुशासनलाई उच्च राख्ने धेयका साथ प्रचलित सहकारी ऐन तथा सम्पत्ती शुद्धीकरण निवारण सम्बन्धि नियमावली २०७३ बमोजिम संस्थाले आन्तरीक कार्यविधि बनाई सोही अनुसार कम्प्लायन्स अफिसर समेत नियुक्त गरी सकेको व्यहोरा जानकारी गराउन चहान्छु । यस अवधिमा ठूला तथा शंकास्पद कारोबारहरूमा सुक्ष्म निगरानीको व्यवस्था संस्थाले गरेको छ साथै "कोकोमिस" मा विवरण अध्यावधिक भैरहेको छ । सदस्य सुरक्षण सिद्धान्तलाई लागु गर्ने उद्देश्यले मौजुदा आन्तरीक कार्यविधिहरूमा संसोधन तथा केही थप नीतिहरू अंगिकार गरेका छौं । जस अन्तर्गत सदस्यका गुनासो सुन्ने तथा निराकरण नीति, सदस्य सन्तुष्टी सर्वेक्षण नीति, ग्राहक सूचना गोपनियता नीति, कर्जा जोखीम न्यूनीकरण मापदण्ड लगायतका नीति तथा कार्यविधिहरू बनाई लागु गरेका छौ भने ति नीतिहरूलाई पूर्ण रूपमा पालना गर्न आवश्यक पर्ने भौतीक पुर्वाधार तथा जनशक्तीको व्यवस्था समेत गरेका छौं । जस अन्तर्गत गुनासो राख्न फोन गर्दा पैसा नपर्ने टोल फ्रि नम्बर प्रयोगमा ल्याएका छौं । सम्पूर्ण शाखाहरूमा वडापत्र तथा गुनासो पेटीकाको व्यवस्था गरेका छौं । यसका अतिरिक्त गुनासो सुन्ने अधिकारी, गुनासो निराकरण संयन्त्र निर्माण लगायतका विष्यहरूमा अभ्यस्त भईरहेका छौं ।

## आदरणीय शेयरसदस्य महानुभाव ज्यूहरू,

सहकारी सहकार्यको लागि हो । एक्लैले गर्न नसकिने कामहरु सामुहिक प्रयासबाट गर्न सकियोस् भन्ने उद्देश्यले सहकारीको अवधारणा आएको हो । जहाँ सहकार्यको औचित्य रहदैन तहाँ समाज तथा राष्ट्र विचलित हुन पुग्दछ भन्ने हाम्रो मान्यता हो । 'समृद्धीका लागि समुदाय संग संगै' भन्ने हाम्रो नारा रहेको छ । यो नाराको औचित्य त्यतीबेला पुष्टीहुन्छ जब समुदायसंगको सहकार्य तथा सामुहिक प्रयासबाट हामी सबल र समृद्ध समाजको निर्माण गर्न सफल हुन्छौं । यो नारालाई सार्थक बनाउन यो संस्था सदैव समुदायसंग सहकार्य गर्न लचिलो हुदै आएको छ ।

यहाँहरूले हाल सम्म अनवरत रूपमा यस संस्थालाई विश्वास गर्नु भएको छ । सबैको विश्वास आर्जन गरेकै कारण हामी जटिल परिस्थितीमा पनि सबल र उत्कृष्ट सेवा दिन सक्षम भएका हौ । हामीले जे गर्‍यौ र अब जे गर्ने छौ त्यसको असर अर्थात फाईदा, वेफाईदा अथवा अवसर यो समाज अर्थात तपाई हामी सबैका लागि हो । यहाँहरूलाई अवगत गराउँन चाहुन्छु हरेक वर्ष संस्थाले नयाँ कर्मचारीहरूलाई भर्ना गर्दै आएको छ जसबाट स्थानिय स्तरमा प्रत्यक्ष रोजगारीमा नियमित बृद्धी भईरहेको छ । तत्काल यस संस्थामा २४७ जना कर्मचारी कार्यरत रहेका छन् ।

## आदरणीय शेयरसदस्य महानुभाव ज्यूहरू,

सहकारी ऐन २०७४को व्यवस्था अनुसार साधारणसभाबाट पारित भए बमोजिम १८ प्रतिशत नगद लाभांश वितरण गर्न गईरहेका छौं । यसका अतिरिक्त गत आ.व.बाट सहकारी नियमावलीको दफा २५ बमोजिम सदस्यले संस्थासंग गरेको कारोबारका आधारमा संरक्षित पुँजी फिर्ता कोषबाट समेत थप रकम वितरण गर्दै आईरहेका छौं । संरक्षित पुँजी फिर्ता कोषबाट रकम वितरण गर्दा नियमावली अनुसार असल कर्जा कारोबार गर्ने सदस्यलाई मात्र गरिने भएकोले संस्थासंग ऋण कारोबार गर्ने सदस्यहरूलाई कर्जाको भाखा ननघाई असल कारोबार गर्नहुन म आग्रह गर्दछु ।

संस्थाको विगतका आ.व. को विश्लेषण गर्दा वार्षिक रूपमा अत्याधिक कारोवार बृद्वि गरीरहेको ब्यहोरा तपाईहरूलाई उपलब्ध गराईएको बित्तिय विवरणबाट जानकारी प्राप्त गर्नु भएकै होला । संस्थाको आर्थिक अवस्था, नाफा-नोक्सान, वासलात, भावी कार्य योजना, प्रस्तावीत बजेट महाप्रबन्धक ज्यूले पेश गर्नु हुनेछ । जस माथी यस गरिमामय सभाले ब्यापक छलफल गरी आवश्यक मार्ग निर्देशन सहित पारीत गर्नु हुनेछ भन्ने मैले बिश्वास लिएको छु ।

सहकारीका सदस्य महानुभावज्यूहरूलाई ऋणको अभावमा कुनै परियोजना कार्यमा बाधा नपुगोस भन्ने उद्देश्यले आफ्नो पूजिले अपूग भएको अवस्थामा पनि बिभिन्न बैंक तथा बित्तिय संस्थासँग कर्जा लिई निरन्तर रूपमा सदस्यहरूको मागलाई पूरा गर्न प्रयत्नरत छौ । संस्थाले बिभिन्न रेमिटान्स सेवा गर्ने कम्पनी तथा बैंकहरूसँग थप सम्झौता गरी रेमिटान्स कारोवारलाई सरल गरि सकेको छ । संस्थाले विगत वर्षहरू देखि मोबाईल बैकिङ्ग सेवा, कम्प्यूटराईज्ड ए.बि.बि.एस. सेवा, मोबाईल बैकिङ्ग सेवा, ए.टी.एम., आई.भी.आर. लगायतका उच्च स्तरिय प्रविधिलाई प्रयोगमा ल्याई सेवा दिईरहेको व्यहोरा समेत अवगत गराउँन चाहुन्छु । संस्थाले समिक्षा आ.व.देखि नै आफ्नै वेवसाईट मार्फत आफ्ना सदस्य तथा ग्राहकहरूलाई संस्थाका विभिन्न गतिविधीहरूबारे जानकारी प्रवाह गरिरहेको व्यहोरा समेत अवगत गराउँदै ईन्टरनेट प्रयोगकर्ता ग्राहक सदस्यका लागि छिटै ईन्टरनेट बैङ्गिक समेत सन्चालन गर्ने तयारी भईरहेको समेत जानकारी गराँउन चाहन्छु ।

## आदरणीय शेयरसदस्य महानुभाव ज्यूहरू,

संस्थाको मूल पूँजी नैं शेयर पूजी हो । संस्थाको आकार र क्षेत्राधिकार बढ्दै जाँदा शेयर पूँजी बढी भएमा मात्रै संस्थाको साख समेत बृद्वि हुने गर्दछ । तसर्थ सम्पूर्ण शेयरसदस्य महानुभावज्यूहरूलाई प्रत्येक वर्ष १८ प्रतिशत नगद लाभाँश वितरण गर्ने प्रतिबद्वता ब्यक्त गर्दै आफ्नो शेयरपूँजी कम्तीमा ५० थान तथा सो भन्दा बढी शेयर खरिद गर्ने महानुभावहरूलाई पनि थप शेयर खरिद गरी संस्थाको चुक्ता पूँजी बृद्वी गर्नु हुनेछ भन्ने मैले आशा लिएको छु ।

संस्थाको बित्तिय स्थिती सुदृढ भईरहेको अवस्थामा केही ऋणी सदस्यहरूले संस्थालाई तिर्नुपर्ने सावा ब्याज समयमा भुक्तानी नगर्दा संस्थालाई ब्यय भार थपिदै गएको छ । जसले गर्दा संस्थाले एक आ .व. मा असुल हुने ब्याजको केही अंशलाई जोखिम कोषमा राख्नु पर्ने अवस्था छ । अतः सम्पूर्ण ऋणी सदस्यहरूलाई म आग्रह गर्न चाहन्छु की संस्थाबाट लिएको कर्जाको समयमा नै नियमित भुक्तानी गरी कर्जाको सही सदुपयोग होस जसबाट संस्था तथा सदस्यहरूलाई उचित प्रतिफल मिलोस् ।

**आदरणीय शेयरसदस्य महानुभावज्यूहरू,**

संस्थाले खुद मुनाफा आर्जन गर्ने क्रम प्रत्येक वर्ष बढी रहेकोले यो संगै हाम्रो साख पनी बढीरहेको व्यहोरा यहाँहरू माझ अवगतै छ । संस्था नाफा मुखी मात्रै नभई सामाजिक दायित्व बहन गर्न समेत सदैव तत्पर रहेको छ । संस्था एक्लैको प्रयासले ठुलो र प्रभावकारी सामाजिक योगदानमा कठिनाई हुन सक्ने भएकोले यसै आ.व.बाट योगदानमा आधारित सदस्य सुरक्षण कार्यक्रम, समुदायका लागि किसान कार्यक्रम लगायतका कार्यक्रमहरू सञ्चालन गर्ने सोच बनाएका छौ । हाम्रो यो सोच विशुद्ध सामाजिक भावबाट प्रेरित रहेकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरूबाट स-सानो योगदानको अपेक्षा समेत गरेका छौं । तपाईलाई प्राप्त हुने शेयर लाभाँश बाहेकको संरक्षीत पुँजी फिर्ताबाट तपाईले प्राप्त गर्नुहुने रकमको पनि सानो हिस्सा सदस्य सुरक्षण कोषमा योगदान हुन सके त्यसमा संस्थाले रकम थप गरेर ठुलो र प्रभावकारी सामुदायिक हित प्रबर्द्धनको काम गर्न सकिन्छ । हाल सम्म संस्थाले गरेका विविध सामाजिक क्रियाकलापका बारेमा महाप्रबन्धक ज्यूले प्रस्तुत गर्ने प्रतिवेदनबाट पनि थाह पाउन सक्नुहुनेछ ।

**अन्त्यमा,**

संस्थालाई आजको अवस्था सम्म पुर्‍याउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण शेयर सदस्य ज्यू, पुर्वसंचालक ज्यूहरू, मेरा सहकर्मी सञ्चालकज्यू, लेखा तथा सुपरिवेक्षण समितिका पदाधिकारी ज्यू, सल्लाहकार समितिका मित्रहरू, कर्मचारी मित्रहरू, संस्थालाई सहयोग गर्ने विभिन्न बैक, वित्तिय संस्था, नियमनकारी निकाय, सरकारी तथा गैरसरकारी संस्था एवं निकाय लगायत सम्पूर्ण शुभेच्छुकहरूलाई उहाँहरूले यस संस्थाको प्रगतिका लागि पुर्‍याउनु भएको महत्वपूर्ण योगदानको लागि हार्दिक धन्यवाद दिदै विद्यमान संचालक समितिको अध्यक्षको हैसियतले संस्थालाई प्रगती पथमा डोर्‍याउन मौजुदा संचालक समिति अझ बढी जिम्मेवारीपूर्वक कर्तव्यनिष्ठ भई भूमिका निर्वाह गर्नेछ भन्ने यहाँहरू माझ प्रतिबद्धता व्यक्त गर्दै बिदा हुन चहान्छु । धन्यवाद ,

जय सहकारी । जय किसान ।
सुरेन्द्र कुमार शाह
अध्यक्ष

## हार्दिक श्रद्धाञ्जली

आ.व. २०७७/०७८ मा विभिन्न समयमा विविध कारणले दिवंगत हुनु भएका यस संस्थाका शेयर सदस्यहरू प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछौं । साथै, दुखद् क्षणमा शोकसन्तप्त हुनुभएका परिवारजन प्रति गहिरो समवेदना व्यक्त गर्दछौ ।

सुरेन्द्र कुमार शाह
अध्यक्ष
एवं

किसान बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार

# किसान बहुउद्देशीय सहकारी संस्था लि.

लम्की,कैलाली

## लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन

यस किसान बहुउद्देशीय सहकारी संस्था लि.लम्की, कैलालीको लेखा सुपरिवेक्षण समितिले संस्थाको केन्द्रिय कार्यालय लम्की,बैकिङ्ग शाखा कार्यालयहरू लम्की, टीकापुर, जोशीपुर, धनगढी र राजीपुर, रासायनिक मल बिक्रि केन्द्र लम्की, कृषि फर्म पथरैया, लघुवित्त कार्यक्रम अन्तर्गत केन्द्रिय विभाग लम्की,शाखा कार्यालयहरू लम्की, सोल्टा, प्रतापपुर, सडकपुर बौनियाँ, सुखड, पहलमानपुर, मसुरिया, चौमाला, अत्तरिया, सहजपुर, धनगढी, फूलवारी, हसुलिया, भजनी, जोशीपुर, नारायणपुर, टीकापुर, कृष्णपुर, पुनर्वास,आलिताल,जोरायल र पथरैयाको स्थलगत भ्रमण तथा शाखा प्रमुखहरूले तयार गरेको मासिक प्रतिवेदनको विस्तृत अध्ययनका आधारमा आ. व. २०७७/०७८ असाढ मसान्तसम्मको वार्षिक आन्तरिक लेखा परिक्षण कार्य सम्पन्न गरी सो को आधारमा नाफा–नोक्सान, वासलात तथा वित्तिय स्थिति विवरण यसै प्रतिवेदनसाथ संलग्न गरी यो प्रतिवेदन पेश गरिएको छ । हाम्रो दायित्व संस्था भित्रका सम्पूर्ण बैंकिङ तथा लघुवित्त शाखाहरू र सेवा केन्द्रभित्र भए गरेका हामीलाई प्राप्त आर्थिक विवरणहरूको अध्ययनको आधारमा राय, सल्लाह तथा सुझाव प्रस्तुत गर्नु हो । संस्थाको लेखा सुपरिवेक्षण समितिको पदाधिकारीका हैसियतले हामीले देखेका र संस्थाको वित्तिय विवरणबाट प्राप्त गरेका सम्पूर्ण जानकारीहरूलाई समेटेर प्रतिवेदन तयार गर्नु हाम्रो कर्तब्य हो । साथै विगतमा प्राप्त गरेका सबल पक्षको निरन्तरता र राय सल्लाहको कार्यान्वयनमा यस संस्थासँग आबद्ध सञ्चालक समितिका पदाधिकारी ज्यूहरू तथा कर्मचारी वर्गहरूले विशेष ध्यान दिनु नै हुनेछ भन्ने कुरामा विश्वास राख्दै आगामी दिनमा संस्थाको निरन्तर उन्नती प्रगतीको कामना गर्दछौं ।

**संस्थामा देखिएका सवल पक्षहरु :**

१. संस्थाले आफ्ना सम्पूर्ण कार्यहरू आवश्यक नीति,नियम,विनियम एवम् निर्देशिकाहरू निर्माण गरि कार्यान्वयनमा ल्याउने गरेको पाइयो ।

२. संस्थाले आफ्नो स्विकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधिभित्र रहि खर्च गर्ने गरेको पाइएको छ ।

३. वर्तमान विषम परिस्थितिमा समेत संस्थाले आफ्नो कार्यक्षेत्र विस्तार गर्ने क्रममा सहकारी संस्था एकिकरण (मर्ज) प्रकृया मार्फत बर्दिया जिल्लाको राजापुर स्थित गणेशबाबा शाखा, त्यसैगरी नियमनकारी निकायको स्विकृतीमा डोटीको जोरायल, डडेल्धुराको आलिताल, कञ्चनपुरको कृष्णपुर, पुनर्वास र दैजी तथा अछामको विनायक,कमल बजार र साँफेबगरमा लघुवित्त शाखाहरू विस्तार भइ सञ्चालनमा आएका छन् भने अन्य शाखाहरू सञ्चालनको क्रममा छन् ।

४. कोभिड-१९ले सृजना गरेको बन्दाबन्दीको विषम परिस्थितिमा समेत ऋण लगानी र असुलीमा उत्साहजनक रूपमा बृद्धि गर्दै संस्थाले लक्ष्यभन्दा बढी खुद मुनाफा आर्जन गर्न सफल भएको पाइयो ।

५. लेखा सुपरिवेक्षण समितिले विगतमा दिएका सुझावहरूलाइ सकारात्मक रूपमा लिई कार्यान्वयन गर्ने गरेको पाइएको छ ।

६. संस्थाको प्रतिष्ठा र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पहिचानसँग गाँसिएको smart certification को कार्य निर्धारित समयमा सम्पन्न गर्दै अन्तर्राष्ट्रियस्तरको ब्राण्ड प्राप्त गर्न संस्था सफल भएको छ ।

७. संस्थाका सम्पूर्ण बैकिङ्ग तथा लघुवित्त शाखाहरूमा कर्मचारी हाजिरी रजिष्टर, दर्ता र चलानी रजिष्टर, नगद रजिष्टर, तमसुक दर्ता रजिष्टर, कर्जा माइन्युट, स्थायी सम्पत्ती रजिष्टर, जिन्सि रजिष्टर, संचित बिदा रजिष्टर लगायत आवश्यक अन्य रजिष्टर तथा अभिलेखहरू नियमित रूपमा अद्यावधिक गरी राख्ने गरेको पाइयो ।

८. लघुवित्ततर्फ शाखा प्रमुखहरूको केन्द्र निरिक्षण र घरदैलो निरिक्षण प्रभावकारी रहेको छ भने सुपरिवेक्षण विभाग र ईलाका प्रमुखहरूले शाखा र केन्द्र निरिक्षण पनि नियमित र प्रभावकारी किसिमले गरेको देखिन्छ ।

९. संस्थामा आबद्ध सदस्यहरूको संख्या र शेयर पूँजि उल्लेख्य रूपमा बृद्धि भइरहेको पाईयो ।

१०. संस्थाले आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत प्राकृतिक विपत्तिमा परेका ब्यक्तिहरूलाई पटक-पटक आर्थिक सहयोग गर्ने गरेको, कोरोना संक्रमितहरूको लागि 'किसान अक्सिजन बैंक' संञ्चालन गरेको र संक्रमितहरूलाइ कोभिड स्याहार खर्च समेत उपलब्ध गराएको पाईयो ।

११. संस्थाको ऋण लगानी प्रक्रिया र कर्मचारी व्यवस्थापनको कार्य प्रभावकारी रहेको छ ।

## आन्तरिक लेखा परीक्षण सम्बन्धी टिप्पणी तथा सुझावहरु

यस पूर्व आ.व.२०७७/०७८ को चौमासिक प्रतिवेदनमा लेखा सुपरिवेक्षण समितिद्धारा दिइएका र हालसम्म कार्यान्वयन हुन नसकेका आवश्यक नीतिगत र कार्यगत सुझावहरू कार्यान्वयनको चरणमा होलान भन्ने विश्वासका साथ केहि थप सुझावहरू प्रस्तुत गरिएको छ ।

१. संस्थालाई अझ सेवामूलक, प्रविधिमैत्री तथा स्वस्थ प्रतिष्पर्धि बनाउँन आवधिक रणनीतिक योजना तर्जुमा गरि कार्यान्वयनमा ल्याउनु आवश्यक देखिन्छ ।

२. संस्थाको सुशासन र पारदर्शितालाई थप प्रभावकारी बनाउँन लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूलाई पनि समयसापेक्ष आवश्यक अभिमूखिकरण तालिम,गोष्ठी तथा अवलोकन भ्रमणको ब्यवस्था गर्नु आवश्यक देखिन्छ ।

३. लघुवित्त कार्यक्रमका शाखाहरूमा विगत वर्षहरूमाभन्दा दिन प्रतिदिन समूह छोड्ने र भाखा नाघेका ऋणीहरूको संख्या बढ्दै गईरहेकोले सदस्यहरूलाई संस्थाप्रति उत्प्रेरित गर्दै लगानी असुलीको सुनिश्चितता बढाउन विशेष कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने देखिन्छ ।

४. संस्थाको कतिपय लघुवित्त शाखामा लगानी तमसुकमा अंक र अक्षरमा रकम फरक- फरक, साक्षी राख्न छुट तथा चेकमा बढी केरमेट हुने गरेको पाइयो ।

५. संस्थामा गठित कर्जा,कृषि,लघुवित्त उप समितिहरूको क्रियाशिलता बढाउनु पर्ने देखिन्छ ।

६. संस्थाको निरन्तर विस्तार हुँदै गइरहेको कार्यक्षेत्र,बढ्दै गइरहेको कर्मचारी संख्याको बिचमा उचित समन्वय गर्दै आगामी दिनमा स्थायी र करार गरी दुइ किसिमले कर्मचारी ब्यवस्थापन गर्नु जरूरी हुने देखिन्छ ।

७. बन्दाबन्दीको अवस्थापछि संस्थाको भाखा नाघेको ऋण बढ्दै गइरहेको हुँदा ऋण असुलीमा विशेष ध्यान दिनु पर्ने अवस्था छ ।

८. संचालक समितिको प्रत्येक बैठकमा गत महिनाको आर्थिक समिक्षा,ऋण लगानी र असुली तथा भाखा नाघेको ऋण सम्बन्धी ब्यापक छलफल गरी उपयुक्त निर्णय र कार्यान्वयन गर्दै जानु आवश्यक देखिन्छ ।

९. संस्थाको संचालक समिति, प्रशासन र कर्मचारीहरू बिचको असल समन्वयलाई थप सुमधुर बनाउँदै जानु जरूरी छ ।

१०. कागजी कार्यको अधिकतम प्रयोगलाई न्यूनिकरण गर्न कागजातहरू सफ्टवेयरमा स्क्यान गरेर वा सर्भरमा राख्ने कार्यको शुरूवात गर्नु पर्ने जरूरी छ । धन्यवाद ।

जय सहकारी । जय किसान ।

नृप बहादुर कुँवर
(संयोजक)

तर्क बहादुर थापा
(सदस्य)

मान सिंह भूल
(सदस्य)

## हार्दिक श्रद्धाञ्जली



जन्म
वि.सं. २००९/०४/०४

स्वर्गारोहण
वि.सं. २०७८/०५/१७

यस किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको स्थापना कालदेखिनै लेखा तथा संचालक समितिमा रही संस्थाको बृहतर विकासमा टेवा पुऱ्याउनु हुने यस संस्था वर्तमान जिल्ला प्रतिनिधी स्व. **श्री विष्णुभक्त शर्मा ढकाल** ज्यूको असामयिक निधनले हामी मर्माहित भएका छौं । दिवंगत आत्मको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । यस दुःखद घडिमा शोकाकुल परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्रदान गर्न ईश्वरसँग प्रार्थना गर्दै शोक सन्तप्त परिवारजन प्रति गहिरो समवेदना प्रकट गर्दछौं ।

### किसान बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार

# किसान बहुउद्देश्यीय सहकारी संस्था लि.

लम्की, कैलाली

## महाप्रबन्धक डम्बर बहादुर शाहद्वारा संस्थाको २७ औं वार्षिक साधारणसभामा प्रस्तुत कार्यक्रम तथा प्रगती प्रतिवेदन

### भूमिका :



सम्पूर्ण शेयरसदस्य महानुभाव ज्यू हरू मा सहकारी अभिवादन । बितेको २६ वर्षमा थोरै अनुकुल तर धेरै प्रतिकुल वातावरणमा तमाम उतारचढावहरूको सामना गर्दै आज २७ औं साधारणसभा सम्मको यात्रा तय गर्न यो संस्था सफल भएको अवसरमा म सम्पूर्णमा हार्दिक बधाई तथा धन्यवाद ज्ञापन गर्न चाहन्छु । संस्था स्थापनासंगै कर्मचारीका रूपमा यस संस्थामा मेरो संलग्नता रहेका कारण ति उतारचढावहरूबारे म जानकार छु तसर्थ फर्केर हेर्दा गौरब महसुस गर्दछु ।

शेयर सदस्य महानुभावहरू विगत जे जस्तो रहे पनि आज संस्थाले राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा आफ्नो बलियो छबी बनाएको छ । यस क्षेत्रमा वित्तिय सेवा प्रवाहमा बैंक तथा वित्तिय संस्थाहरूको प्रतिस्पर्धा छ । यस्तो तिब्र प्रतिस्पर्धाका बिच संस्थाले नयाँ-नयाँ कार्यक्रम ल्याएर यस क्षेत्रमा आफ्नो दरिलो उपस्थिती जनाउनुका साथै लोकप्रियता समेत हासिल गरि आफ्नो छुट्टै अस्तित्व र पहिचान बनाई सकेको छ । सदस्यहरूलाई केन्द्रमा राखेर योजना बनाई अघि बढिएका कारण यो सम्भव भएको हो । अब यो उपलब्धिलाई संस्थागत गर्दै अझै लामो दुरीको यात्रा तय गर्नुपर्ने जिम्मेवारी तपाई हाम्रै काँधमा छ । यहाँहरूको साथ र समर्थन रहे यो चुनौतीपार गर्न अवश्य सकिनेछ भन्ने मेरो विश्वास छ । तसर्थ, आगामी दिनहरूमा दीर्घकालिन योजनाहरूको निर्माण गर्दै नयाँ सोच, कार्यक्रम र आयामका साथ अघि बढाउन यहाँहरूको अमुल्य सुझाव सहितको यो साधारणसभाले दिशानिर्देश गर्ने छ भन्ने मैले विश्वास लिएको छु ।

### मुलुकको बर्तमान अवस्था तथा सहकारीक्षेत्र :

अघिल्लो लकडाउनबाट जनजिवन तँग्रीन नपाउँदै आ.व. २०७७/०७८ को अन्त्यतिर कोभिडको-१९ को दोस्रो लहर तथा पुनः लकडाउनले पुनः जनजिवन अस्त-व्यस्त बन्न पुग्यो । लामो बन्दाबन्दीको प्रत्यक्ष मार पर्यटन तथा सेवा उद्योगले सहनु पर्‍यो । साधनस्रोतले सम्पन्न विश्वका धनि मुलुकहरूलाई हायलकायल पारेको कोभिड-१९ ले हाम्रो जस्तो कम विकसित मुलकमा समस्या नथपिने कुरै भएन । यसले संस्थाको गतिलाई पनि प्रभाव नपरेको होईन । तथापी पहिलो लकडाउनको अनुभवलाई आत्मसात गर्दै हामीले संस्थालाई गतिशील बनाई राख्न हर सम्भव प्रयत्न गर्‍यौं । यस क्रममा संस्थाको कारोबार मात्र होईन सामाजिक क्रियाकलापमा पनि हामी पूर्ण रूपमा समर्पित भयौं । सदस्यलाई वित्तिय सेवा प्रदान गर्न डिजिटल पद्दतीलाई प्रोत्साहित गर्‍यौं । महामारीबाट प्रताडित सदस्यलाई निर्ब्याजी जिविको पार्जन कर्जा, संक्रमित सदस्यलाई स्याहार खर्च समेत प्रदान गरेका छौ । पहिलो लहरमा ब्याजमा

छुट दिएका थियौ । अनिश्चित बनेको कोरोनाको जोखिम र त्यसबाट संस्थाको व्यवसायमा पर्न सक्ने क्षतीको आँकलन गर्दा दोस्रो चरणमा ब्याज छुट नदिईए पनि कर्जा भुक्तानी अवधि बढाएर हर्जाना पूर्णतया छुट दिएका छौं । शेयरसदस्य महानुभावहरू, संस्था गतिशिल बन्न सके मात्रै सदस्यको सेवामा केन्द्रित हुन सक्ने भएकोले विषम परिस्थितीमा संस्था एवं सदस्य दुवैबिच सन्तुलित सम्बन्ध स्थापित गर्न कोरोना कालमा हामी सफल भएका छौं । कोभिड-१९ को दोस्रो लहरमा अक्सिजन अभाव चुलिएपछि ' किसान अक्सीजन बैंक' अभियान सन्चालन गर्‍यौ । जस अन्तर्गत टीकापुर, लम्की र भजनी अस्पतालमा खाली रहेका अक्सिजन सिलिन्डर भरिदिने अभियान चलायौं । यो अभियानमा देश विदेशमा रहनुहुने शुभचिन्तकहरूबाट सह्रानिय सहयोग तथा समर्थन प्राप्त भएको छ । यो समर्थनले हामीलाइ आगामी दिनमा सामाजिक क्रियाकलापमा अग्रसर हुन थप उत्साहित बनाएको छ ।

शेयर सदस्य महानुभावहरू, सरकारले नेपालका सहकारीहरूलाई विकास कार्यक्रमको एक अभिन्न अंगका रूपमा लिएको छ । नेपालमा अधिकतम सहकारीहरू कृषि खेती र कृषि उत्पादन एवं कृषि उपजको बजारीकरणमा क्रियाशिल छन् । कृषिलाई नेपालको अर्थतन्त्रको मुख्य आधारको रूपमा लिईन्छ, जुन ८० प्रतिशत जनसंख्याको जिविकोपार्जनको स्रोत पनि हो । यति हुँदा हुँदै पनि देशले बर्षेनी अर्बौ भन्दा बढीको खाद्यान्न आयात गर्नु परिरहेको स्थिती छ । युवाहरूको आकर्षण कृषिमा घट्दो छ भने विविध कारणले खेती योग्य जमिनको खण्डिकरणले पनि तिब्रता पाईरहेको छ । बाँझा र बन्जर जमिनहरूलाई उपयोगमा ल्याउन सकिने प्रविधिको विकास हुन नसक्नु, कृषिमा आधुनिकिरणले प्रश्रय नपाउनु लगायतका विभिन्न जटिलताहरू हाम्रा सामु छन् । समस्याहरूलाई राता-राता किनारा लगाउन नसकेपनि हामी हाम्रो सहकारीको माध्ययमबाट कृषि क्षेत्रमा परिवर्तन ल्याउने सोचमा छौं । त्यहि अवधारणा अनुरूप संस्थाले एकिकृत कृषि फर्म, अत्याधुनिक उपकरण सहितको माटो परिक्षण प्रयोगशाला सञ्चालनमा ल्याई सकेको छ । चालु आ.व. देखी लम्कीचुहा न.पा. बल्चौरमा ३ विगाह जमिनमा नमुना कागती फार्म विस्तार गर्ने कार्यमा जुटेका छौं । यसका अतिरिक्त लम्कीचुहा न.पा.संगको साझेदारीमा ब्याज अनुदानमा आधारित उद्यमी कर्जा कार्यक्रम लागु गरेका छौं । यस कर्जामा उद्यम गर्न चाहने जो कोही लम्कीचुहा न.पा. बासी योग्य हुने भएपनि कृषि उत्पादन, प्रशोधन र बजारीकरणका लागि उक्त कर्जाको सदुपयोग गर्न हुन म ईच्छुक महानुभावहरूमा अनुरोध गर्न चाहन्छु ।

## गत वर्षको सिंहावलोकन तथा चालु वर्षको योजना

आदरणीय शेयर सदस्य महानुभावहरू, अब म यस संस्थाको आ.ब. ०७७/०७८ को कार्यक्रम तथा प्रगतीलाई प्रस्तुत गर्न चहान्छु । यस संस्थाले सदस्यहरूबाट शेयर र विभिन्न प्रकृतिका बचत संकलनबाट पूँजी बृद्धि गरी तथा नपुग रकम बाह्य स्रोतबाट ऋण लिई यहाँहरूलाई सरल, सहज र लघुवित्त कार्यक्रम तर्फ घरदैलोमै गई कर्जा प्रदान गर्दै आईरहेको कुरा यहाँहरूमाझ अवगतै छ । संस्थाले विपन्न वर्गलाई लक्षितगरि सञ्चालन गरेको लघुवित्त कार्यक्रम तर्फ आवद्ध सदस्यहरूको आर्थिक उन्नती तथा सहज जिवनयापनका लागि वित्तीय सेवा मात्रै नभई गैर वित्तीय सेवाका रूपमा निशुल्क विभिन्न सिपमुलक तालिम, परामर्श र सचेतनामुलक गतिविधिरू र सदस्य सुरक्षणका विविध गतिविधिहरू सञ्चालन गर्दै आएको छ । यस्ता गतिविधीबाट सदस्यहरूको आर्थिक र सामाजिक स्तर बढ्दै पनि गएको छ ।

## वित्तीय लक्ष्य तथा प्रगती :

संस्थाको कुल कारोबार आ.व. २०७६/०७७ मा रू ३ अर्ब ३१ करोड ८४ लाख ३५ हजार ५३३ रूपैया रहेकोमा आ.व. २०७७/०७८ कारोबारमा झण्डै २७ प्रतिशत बृद्धी भई कुल कारोबार रू ४ अर्ब १६ हजार ५९९ रूपैया पुगेको छ । जसको विस्तृत विवरण यसै प्रतिवेदनमा रहेको लेखापरीक्षकको प्रतिवेदन बाट थाह पाउन सक्नुहुनेछ । समीक्षा आ.व.मा कुल कारोबारमा बृद्धी संगै कहि भाखा नाघेका कर्जाहरूको असुलीका कारण लक्ष्य अनुसार सन्चालन मुनाफा आर्जन गन सफल भईयो । अघिल्लो आ.व. भन्दा ८१ प्रतिशतले सञ्चालन मुनाफामा बृद्धि भएको छ । आ.व २०७७/०७८ का लागि संस्थाले अनुमान गरेको तथा हाँसिल गरेको वास्तविक वित्तिय अवस्था निम्नानुसार रहेको छ :

| क्र.सं. | विवरण | गत वर्षको यथार्त (०७६/७७) | आ.व. २०७७/७८ को | | गत भन्दा बृद्धि |
|---|---|---|---|---|---|
| | | | लक्ष्य | वास्तविक | |
| १. | शेयर पुँजी | १२३,९४३,६२५ | १८०,०००,०००/- | १८९,०१७,६००/०० | ५३% |
| २. | निक्षेप | १,९५३,४२३,००८.९२ | २,४४०,०००,०००/- | २,५१४,६७८,०२०/३६ | २९% |
| ३. | कर्जा लगानी | २,६७९,१५७,१८६.७ | ३,२४०,०००,०००/- | ३,३६५,७५३,४८८/२९ | २६% |
| ४. | सञ्चालन मुनाफा | ८८,३०९,८५६.८१ | १२०,०००,०००/- | १५९,८५५,०९४/०६ | ८१% |

स्थिती विवरण : आ.व. २०७७/७८ सम्म संस्थाको स्थिती विवरण निम्नानुसार रहेको छ ।

| विवरण | २०७७ | २०७८ |
|---|---|---|
| सेवा विस्तार जिल्ला | १ | ४ |
| उपमहानगर/नगर पालिका | १/६ | १/१२ |
| गाउँ पालिका | ६ | ६ |
| कुल सदस्य संख्या | ५५४०७ | ५८३०६ |
| कुल ऋण सदस्य संख्या | २६५२६ | २७०७८ |
| शाखा/सेवा केन्द्र | २१ | २७ |
| महिला कर्मचारी संख्या | ५१ | ५२ |
| पुरूष कर्मचारी संख्या | १२७ | १३२ |
| जम्मा कर्मचारी संख्या | १७८ | १९४ |

## सामाजिक उत्तरदायित्व :

आदरणीय शेयरधनी महानुभाव ज्यूहरू यो संस्था स्थानिय स्तरमा यहाँहरूकै साथ र समर्थनले जन्मीएको र फस्टाएको संस्था हो । स्थानिय स्तरमा घट्ने स-साना घटना-परिघटना तथा त्यसले पार्ने प्रभावबाट संस्था समेत अछुतो रहन सक्दैन । स्थानिय स्तरमा सकारात्मक परिवर्तन अथवा आर्थिक समृद्धि भए मात्रै त्यसको केही लाभ संस्थाले पाउन सक्छ भन्ने हाम्रो मान्यता रहेको छ । संस्थाको निरन्तर कारोबार

बृद्धि तथा नाफा बृद्धिसंगै साख (Credibility) मा समेत उल्लेख्य बृद्धी भएको छ, संस्थाको साख बृद्धी संगै हाम्रो सामाजिक उत्तरदायित्व समेत बढेको महसुस गरि सामाजिक क्रियाकलापमा जोड दिन गत आ.व.मा तपसिल बमोजिमका कार्यक्रमहरू सम्पादन गरिएका छन् :

संस्थाले समीक्षा आ.व.मा सदस्यहरूलाई विभिन्न अवस्थामा उपलब्ध गराएको राहत तथा सुविधा विवरण यस प्रकार छ :

| राहतको प्रकार | प्राप्त गर्ने सदस्य संख्या | कुल रकम |
|---|---|---|
| सुत्केरी स्याहार खर्च | ४७६८ | ७,५३३,५०० |
| आगलागी राहत | २०३ | ६०६,४४० |
| मृत्यूलाभ (सदस्य) | ३३९ | ३,७७५,५०० |
| मृत्यूलाभ (श्रीमान) | ९१३ | ८,१५६,९५० |
| कर्जा बिमा रक्षावरण सदस्य | १९२ | २९,०७५,६३५ |
| कर्जा बिमा रक्षावरण श्रीमान | ४३९ | २९,१५२,८४२ |
| काजक्रिया खर्च | ४२ | १०,५०,००० |
| अन्य सामाजिक सुरक्षा | ५० | १,४३,१२० |
| कोभिड स्याहार खर्च | ३३ | १,६५,००० |
| जिविको पार्जन सापटी | १४१३ | ४३,३९,००० |
| कोभिड उपचार सापटी | २५३ | २५,३०,००० |

## संस्थागत बिकास तथा सुशासनको अवस्था:

वित्तिय संस्थामा सुशासनको अवस्था जति दरिलो भयो संस्था पनि त्यतीकै दरिलो हुन्छ भन्ने मान्यतासंग पुर्ण सहमत भई संस्थागत सुशासन कायम राखिरहेका कारण नै गत आ.व.बाट संस्था अन्तराष्ट्रिय स्तरको "स्मार्ट सर्टिफाईड" संस्था भएको छ । सदस्य सुरक्षण सिद्धान्तको अनुपालना गरे बापत नेपालको पहिलो "स्मार्ट सर्टिफाईड" संस्थाका रूपमा परिचय बनाउन हामी सफल भएका छौं । यो सफलताको पहिलो श्रेय तपाई शेयर सदस्य महानुभावहरूलाई दिन चाहन्छु । यो सफलताका लागि मार्ग प्रशस्त गरिदिने सञ्चालक समिति, प्रतिबद्ध कर्मचारीहरू लगायत म सम्पूर्ण शुभेच्छुक संघ-संस्था एवं महानुभावहरू प्रति हार्दि धन्यवाद व्यक्त गर्न चहान्छु । संस्थामा सुशासनको अवस्थालाई अब्बल बनाउन एवं सदस्य सुरक्षण सिद्धान्तहरूको पूर्णपालनाका लागि संस्थाले अवलम्बन गरिएका नीति अनूरूप गत आ.व.मा तपसिल बमोजिमका उपलब्धीहरू भएका छन् :

- आन्तरिक लेखा परिक्षण समिति लगायत अन्य उपसमितिहरूले दिने सुझाव तथा निर्देशनहरू पूर्ण कार्यान्यवन गर्ने प्रक्रियालाई निरन्तरता दिईएकोछ ।
- सुशासनको अवस्था बुझ्न सहज होस भन्ने हेतुले सम्पूर्ण शाखाहरूमा गुनासो पेटीका (Complain Box) प्रयोगमा ल्याई सकेका छौ । सदस्यलाई गुनासो दर्ता गर्न सहज होस भनेर पैसा नलाग्ने फोन

टोल फ्रि नम्बरको व्यवस्था गरेका छौं । तपाईका सल्लाह सुझाव र गुनासाहरू हामीलाई सुनाउन कृपया पैसा नलाग्ने फोन नं. १६६०९११७३३३ मा फोन गर्नहुन सम्पूर्ण सदस्य महानुभावहरूलाई सूचीत गर्न चाहन्छु ।

- ग्राहक सुरक्षण सिद्धान्त तथा स्मार्टसर्टिफिकेसनलाई ध्यानमा राखी नयाँनीतिहरू लागु गरेका छौ र आगामी दिनमा समेत संस्थागत सुशासनलाई दरिलो बनाई राख्न आवश्यकता अनुसार सञ्चालक समितिबाट थप नीति तर्जुमा गरि लागु गरिने छ ।

- संस्थाको आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित बनाई सदस्य सुरक्षणका मामिलामा प्रभावकारी कार्यसम्पादन लाई ध्यानमा दिई सदस्य सुरक्षणका दृष्टिकोणले थप नीतिहरू तर्जुमा गरि लागु गरिएको छ । जसमा सदस्यको सन्तुष्टी स्तर मापनका लागि सदस्य सन्तुष्टी एवं बहिरगमन सर्वेक्षण मापदण्ड, गुनासो निराकरण सम्बन्धि कार्यविधि, कर्जा जोखीम नियन्त्रण मापदण्ड लगायतका कार्यविधिहरू लागु गरिएको छ । केन्द्रिय कार्यालयबाट सदस्यका गुनासोहरूको सुनुवाई गर्ने विभिन्न तहहरू निर्धारण गरिएको छ । शाखा प्रमुख, ईलाका प्रमूख, विभागिय प्रमूख, महाप्रबन्धक र सञ्चालक समितिलाई समेत सदस्य गुनासो निराकरणका चरणहरूमा जिम्मेवार बनाईएको छ । त्यसैगरी संस्थासम्म सदस्य गुनासाहरूको सहज पहुँच स्थापित गर्न गुनासो सुन्ने विभिन्न विधि तथा प्रविधिहरूको समेत विकास गरिएको छ । जस अन्तर्गत गुनासो बाकस, टोल फ्रि नम्बर, सामाजिक सञ्जाल तथा ईमेल बाट समेत सदस्यहरूले गुनासो राख्न सक्नु हुनेछ । सदस्यबाट प्राप्त हुने कुनै पनि प्रकारका उजुरी तथा गुनासाहरूको निरूपण ७ दिन भित्र गरिसक्नु पर्ने समेत विधि स्थापित गरिएको छ । वर्षमा एक पटक सदस्यको जिवनस्तर तथा सन्तुष्टि सर्वे गर्ने योजना रहेको छ । सम्पूर्ण शाखाको कारोबारका अनुगमन, व्यवस्थापन र जिम्मेवारी रहने गरी ९ विभाग सहितको केन्द्रिय कार्यालय स्थापित गरेका छौ । हाल सहकारी तर्फ रहेका लम्की, टीकापुर, जोशीपुर, राजीपुर (चौमाला) र मोतीचोक (धनगढी) त्यसैगरी र लघुवित्त तर्फका अन्य २२ गरी कुल २७ शाखाको नियन्त्रण र नियमन केन्द्रिय कार्यालयबाट हुने गरेको छ । आगामी दिनमा आवश्यकता अनुसार थप विभाग तथा सेल गठन गरि आन्तरिक नियन्त्रण प्रणालीलाई थप व्यवस्थित र चुस्त बनाईने छ ।

- संस्थाले एकिकरण प्रक्रिया (मर्ज) लाई प्राथमिकतामा राखि सोही अनुसार गत आ.व.मा लुम्बीनी प्रदेशको बर्दिया जिल्ला राजापुर न.पा. स्थित गणेशबाबा महिला बहुउद्देश्यीय सहकारी संस्थालाई एकिकरण गरेको छ । आगामी दिनमा समेत एकिकरण कार्यलाई निरन्तरता दिईने छ । यस एकिकरण कार्यलाई टुङ्गोमा पुऱ्याउन आवश्यक भूमिका निर्वाह गर्नुहुने साबिकको गणेशबाबा महिला बहुउद्देश्यीय सहकारी संस्थाका सञ्चालक समितिका अध्यक्ष लगायत अन्य पदाधिकारी ज्यू हरूलाई धन्यवाद व्यक्त गर्दै यस संस्थामा स्वागत गर्न चहान्छु । एकिकरण घोषणा सभा गर्ने योजना रहेपनि विषम परिस्थितीका कारण सम्भव नभएकोले छिटै घोषणा सभा गरि संस्थाको व्यवसायिक क्रियाकलापलाई विस्तार गर्ने योजना रहेको कुरा समेत अवगत गराउँन चहान्छु । साथै, आगामी दिनमा समेत सहकारी संस्थाहरूको एकिकरणलाई निरन्तरता दिने योजना रहेकोले एकिकरण (मर्ज) प्रस्तावलाई यस सभाबाट स्विकृत गरिदिनु हुन म हार्दिक अनुरोध गर्न चाहन्छु ।

- संस्थाले आफ्नो व्यवसायलाई विविधिकरण गर्दै अन्य गैरवित्तिय व्यवसाय मार्फत समेत सदस्यलाई सेवा प्रवाह गर्ने मनसायले चालु आ.व.बाट सहकारी पसल (किसान मार्ट) सञ्चालनको योजना बनाएको छ । पहिलो चरणमा लम्कीचुहा नपाका सदस्यलाई लक्षित गरि सञ्चालन गरिने मार्ट सम्भाव्यताका आधारमा अन्य स्थानहरूमा समेत विस्तार गर्दै लैजाने योजना रहेको छ । किसान मार्ट सञ्चालन सम्बधमा सम्भाव्यता अध्ययन तथा व्यवसाय सञ्चालन मोडेल एवं नीति निर्माण सम्बन्धि आवश्यक कार्य सम्पन्न भइसकेको छ । प्रस्तावित मार्टबाट दैनिक उपभोग्य एवं घरायसी सामाग्रीहरू सुपथ मुल्यमा उपलब्ध गराईने छ ।

आदरणीय शेयर सदस्य महानुभाव ज्यूहरू संस्थाको लक्ष्य उन्मुख प्रगती संगै यस संस्थाले यस क्षेत्रमा प्रशस्त रोजगारीको अवसर समेत सृजना गरि दिएको छ । हरेक वर्ष संस्थाको परिवार भित्र नयाँकर्मचारी साथीहरूको प्रवेश भईरहेको यहाँहरूलाई पनि अवगतै छ । साथै कर्मचारी बढ्दै जाँदा नियन्त्रण प्राणाली (Controling System) समेत प्रभावकारी बनाईएको छ । कर्मचारीको बृद्धीसंगै कर्मचारीको सिर्जनशीलता समेत बढाउँदै लैजान संस्थाले विभिन्न आन्तरिक क्रियाकलापहरू गर्दै आएको छ र आगामी दिनमा समेत त्यस्ता क्रियाकलापलाई बढाउँदै लैजाने छ । चालु आ.व.को पहिलो त्रैमास सम्म संस्थामा कार्यरत कर्मचारीको विवरण निम्नानुसार रहेको छ :

| | |
|---|---|
| महिला कर्मचारी संख्या : | ७६ |
| पुरूष कर्मचारी संख्या : | १७१ |
| जम्मा कर्मचारी संख्या : | २४७ जना |

संस्थाले चालु आ.व. बाट महिला कर्मचारीहरूलाई लैगिंक समानता भत्ता प्रदान गर्न थालेको छ । यसबाट महिला कर्मचारीहरू थप प्रोत्साहित हुनुहुनेछ भन्ने विश्वास लिएका छौं । संस्थाको उन्नती प्रगतीमा अहोरात्र खटिने कर्मचारीहरूले परिवार तथा समाजीक सम्बन्धलाई समेत सुमधुर बनाई राख्नु पर्छ भन्ने हाम्रो मान्यता हो । सोही मान्यतानुसार २० दिनको तलब सहित १० दिन अनिवार्य बिदाको व्यवस्था लागु गरेका हौ । कर्मचारीको मनोबल उच्च राख्दै कार्यसम्पादनलाई प्रभावकारी बनाउने उद्देश्य अनुरूप हरेक वर्ष कर्मचारीलाई पुरस्कृत गर्दै आएका छौं । चालु आ.व.बाट लागु हुने गरि कर्मचारी अभिज्ञान सम्मेलन (Staff Recogniation seminar) को आयोजना गरिनेछ । जुन सम्मेलनबाट कर्मचारीहरूको नवप्रवर्तनशिलता (Innovation) को उजागर हुनुका साथै सम्पूर्ण कर्मचारीहरूमा एक आपसमा सौहार्दता विस्तार भई एकअर्का बीच ज्ञान तथा कार्यअनुभव बाड्ने परम्पराको शुरूवात हुने विश्वास लिएका छौं । साथै चालु आ.व. देखिनै संस्थामा कार्यरत पुरूष कर्मचारीले महिला समकक्षीहरूलाई हरितालिका (तिज) को अवसर पारेर सम्मान गर्ने एव दर खुवाउने संस्थागत परम्पराको शुरूवात समेत गरेका छौं ।

## सूचना प्रविधिको प्रयोग :

वर्तमान कोभिड-१९ को अवस्थाले सर्वसाधारणलाई वित्तिय कारोबारकालागि डिजिटल प्रणालीको उपयोगमा अभ्यस्त बनाई दिएको छ । यस संस्थाले समेत सूचना प्रविधिको क्षेत्रमा 'डिजिटलाईजेसन'लाई उच्च प्राथमिकतामा राखि कागजरहित कारोबारलाई प्रोत्साहित गरिरहेको छ । लघुवित्त क्षेत्रमा नेपालकै नमुना ट्याब्लेट बैकिंग, मोबाईल बैकिङ्, मिसकल बैकिंगलाई उदाहरणका रूपमा लिन सकिन्छ । त्यसका

अतिरिक्त चालु आ.व.बाट कर्मचारी व्यवस्थपन सम्बन्धि सफ्टवेयर, ई-हाँजिरी तथा मोबाईल एप्लीकेशन समेत सञ्चालनमा ल्याएका छौं ।

## नीति, निर्देशीका तथा अन्य वैधानिक दस्तावेजहरुको अवस्थाः

संस्थाले संस्था सञ्चालनका लागि १९ वटा निती, निर्देशिका तथा मापदण्ड तर्जुमा गरि लागु गरिएको छ । यस वर्षबाट ग्राहक सुरक्षण सिद्धान्त लागु गर्न थप नीति तथा मापदण्ड तर्जुमा गरि लागु गरेका छौं । प्रस्तावित किसान मार्ट सञ्चालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि तर्जुमा गरेका छौ । उक्त नीति तथा मापदण्डहरू अनुमोदनका लागि यस सभा समक्ष अनुरोध गर्दछु । आगामी दिनमा आवश्यकता अनुसार नीति नियमहरू बनाई लागु गरिनेछ ।

## तालिम तथा गोष्ठी :

संस्थाले सदस्य, सञ्चालक तथा कर्मचारीहरूको क्षमता अभिवृद्धीका लागि हरेक वर्ष आवश्यकता अनुसार विभिन्न किसिमका तालिम तथा गोष्ठीहरू आयोजन गर्नुका साथै देश भित्र तथा बाहीर हुने तालिम तथा गोष्ठीहरूमा समेत सहभागीता जनाउँदै आएको छ । पछिल्ला २ वर्षहरू कोभिड-१९ र बन्दाबन्दीका कारण योजना अनुसार त्यस्ता तालिमहरू सञ्चालन गर्न नसकिए पनि गत आ.व.मा लकडाउनको अवस्था हेरी स्वास्थ्य मापदण्डको पालना गर्दै भौतीक उपस्थितीमा र भर्चुअल माध्यमबाट केहि तालिमहरूको आयोजना गरिएको थियो । जस्को विवरण निम्नानुसार रहेको छ :

| सदस्य तालिमः | | | |
|---|---|---|---|
| क्र.सं. | कार्यक्रमको नाम | संख्या | लाभान्वित संख्या |
| १. | हस्तकला सामाग्री निर्माण तालीम | १ | ३१ |
| २. | व्यवसायीक तरकारी खेती | ३ | २३०० |
| ३. | वित्तिय साक्षरता अभिमुखिकरण तालीम | १८ | १९०५ |
| जम्मा | | २२ | ४२३६ |
| (ख) संचालक तालिमः | | | |
| १ | सदस्य सुरक्षण सिद्धान्तहरूको पालना एवं संस्थागत सुशासन (भर्चुअल) | २ | ११ |
| २ | व्यवसायिक कार्ययोजनाको कार्यान्वयन (भर्चुअल) | १ | ११ |
| ३ | Agriculture Finaning practice in Indian Cooperatives (Vertual by CICTAB) | १ | १ |
| (ग) कर्मचारी तालिमः | | | |
| १ | सम्पत्ती शुद्दीकरण | २ | ४० |
| २ | व्यवसायिक कार्ययोजना निर्माण | १ | ९ |
| ३ | नेपाल वित्तिय प्रतिवेदन मान (एन.एफ.आर.एस.) | १ | १० |
| ४ | Agriculture Finaning practice in Indian Cooperatives (Vertual by CICTAB) | २ | ७ |

## सदस्यहरुको सुझाव र त्यसको कार्यान्वयन:

यस संस्थाले यसै बर्षदेखि सदस्यहरूलाई सेवामा पूर्ण सन्तुष्टी दिने सोचका साथ केन्द्र बैठकमा छलफल, केन्द्र प्रमूख गोष्ठीमा छलफल लगायत औपचारिक तथा अनौपचारिक रूपमा सुझावहरू ग्रहण गरि उक्त सुझावहरू उपर आवश्यकता अनुसार कार्यवाही गर्दै आएको छ । साथै, शाखाहरूमा गुनासो बाकस, केन्द्रिय कार्यालय टोल फ्रि नम्बर, सुझाव पुस्तिका मार्फत सुझाव संकलन गर्ने तथा सर्भेक्षण फारम मार्फत बस्तु तथा सेवाहरूको बारेमा जानकारी हाँसिल गर्ने कार्य गर्दै आएको छ ।

## आगन्तुक संस्थाहरुको विवरण:

पछिल्लो समय संस्थामा भ्रमण गर्ने आउने आगन्तुकहरूको संख्यामा बृद्धी हुदै गएको छ । गत वर्ष कोभिड-१९ को संत्रास र बन्दाबन्दीका बिच समेत संस्थाको अवलोकन भ्रमणका लागि आगन्तुक संस्थाका पदाधिकारीहरूले यस संस्थाको केन्द्रिय कार्यालयको भ्रमण गरि संस्थाबारे आवश्यक जानकारी हाँसिल गरेका छन् । संस्थाले सञ्चालनमा ल्याएका ट्याब्लेट बैकिङ्, एकिकृत कृषि फर्म लगायतका नविनतम कार्यहरूको अनुभव संगाल्न अन्य निकायका प्रतिनीधिहरू आउने गर्दछन् । त्यसैगरी संस्थाले सञ्चालन गरेको लघुवित्त कार्यक्रमको सफलताको सिकाई ग्राहण गर्न समेत आगन्तुकहरूको चाँसो रहने गरेको पाईएको छ । गत आ.व. (२०७७/०७८) मा यस संस्थामा अध्ययन/अवलोकनका आगन्तुक संस्था तथा निकायहरूको विवरण निम्नानुसार रहेको छ :

| क्र.सं. | आगन्तुक संस्थाको नाम, ठेगाना | सहभागी संख्या | मिति |
|---|---|---|---|
| १ | चन्दननाथ बहुउद्देश्यीय सहकारी संस्था ( जुम्ला ) | २४ | २०७७/०५/३० |
| २ | नव प्रभात बचत तथा ऋण सहकारी संस्था ( कपिलवस्तु ) | १९ | २०७७/१०/०२ |
